# सूर्यविनायक नगरपालिकाका

## नगरप्रमुख **श्री बासुदेव थापाज्यू** द्वारा

## नगरसभाको १८औं अधिवेशनमा प्रस्तुत

## नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को

# *वार्षिक नीति तथा कार्यक्रम*

## २०८२ साल असार ६ गते

**सम्मानित नगरसभाका सदस्यज्यूहरु,**

१. सूर्यविनायक नगरपालिकाको यस सम्मानित नगरसभाको अठारौं अधिवेशनको गरिमामय बैठकमा नगरप्रमुखको हैसियतले नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा आफूलाई गौरवान्वित महसुस गरिरहेको छु । संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ शासकीय संरचना बमोजिम गठित स्थानीय सरकारको दोस्रो कार्यकालमा समेत नगरप्रमुखको भूमिकामा स्थापित गर्नुहुने समस्त सूर्यविनायक नगरवासी आमा बुवा, दिदी बहिनी तथा दाजुभाइहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. यस गौरवमय क्षणमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, अग्रगामी राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनहरु एवम् मुलुकको समग्र विकास र समृद्धिका लागि विभिन्न समयमा भएका राजनीतिक रुपान्तरणको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्वासुमन अर्पण गर्दछु ।

३. ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्व बोकेको काठमाडौं उपत्यकाको दक्षिण पूर्वी भागमा अवस्थित यस सूर्यविनायक नगरपालिका प्राकृतिक, साँस्कृतिक, जातीय र भाषिक हिसाबले विविधतायुक्त नगरपालिका हो । सूर्यविनायक नगरपालिका हाम्रो शान हो, हाम्रो गौरब हो । नगरबासीको सुख र नगरपालिकाको समृद्दी हामी सबैको अन्तिम गन्तव्य हो ।

४. मुलुकको राजनीतिमा बर्चस्व राख्ने ठुला राजनीतिक दलहरुबीचको आपसी समन्वय, सम्मति र सहकार्यबाट मात्र मुलुकले सही मार्ग लिन सक्छ भन्ने आम अभिमत यस नगरपालिकामा समेत प्रकट भएको छ । नागरिक अभिमतलाई सदैव सम्मान गर्दै नगरपालिकामा निर्वाचित नेतृत्वबीच सहभाव, सहअस्तित्व र एकताको माध्यमबाट नगर विकासको गतिलाई उचित मार्ग प्रदान गर्न हामी एकाकार भएका छौं ।

५. नगरपालिकाको विकासलाई निर्देशित गर्न र उपलब्ध सीमित श्रोत साधनको अधिकतम उपयोग गरी गुणात्मक लाभ प्राप्त गर्न नगरका अग्रणी क्षेत्रहरुको पहिचान गरी दीर्घकालीन सोचको आधारमा नीति तथा कार्यक्रमहरु बनाउनु पर्ने हुन्छ । त्यसै अनुरुप सूर्यविनायक नगरपालिकाले दिगो भौतिक पूर्वाधार निर्माण, वातावरण संरक्षण, मानवीय विकास, रोजगारी तथा आयआर्जन बृद्दी, गुणस्तरीय तथा सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा बढाउँदै **"दिगो विकास व्यवस्थित शहर, स्वच्छ समृद्ध सूर्यविनायक नगर"** को मूल लक्ष्य प्राप्त गर्न आवधिक योजना तयार गरी सोही मुताबिक कार्य गर्दै आएको छ ।

६. स्थानीय सरकारको प्रारम्भिक अभ्यासकै क्रममा रहेपनि हामीले पूर्वाधार विकासको मेरुदण्ड मानिने सडक पूर्वाधारलाई व्यापक विस्तार गरी ८ वर्षको अवधिमा कुल १५५ कि.मि. पक्की नाली सहितको कालोपत्रे सडक, मोटरेवल पुल जम्मा ४१ वटा, सडक बत्ती जडान ६५०० वटा गरी सबै वडा केन्द्रहरु स्तरीय सडक संजालमा जोडी समग्र दिगो पूर्वाधार विकासको

व्यापक प्रयास गरिएको छ । मेलम्ची खानेपानी आयोजना अन्तर्गतको पानी वितरण गरी घरघरमा पुर्याउने कार्यको थालनी भएको छ ।

७. जनताको आधारभूत स्वास्थ्य सेवा सहज र सुलभ रुपमा उपभोग गर्न पाउने हकलाई सुनिश्चित गर्नको लागि विशेषज्ञ सुविधा सहितको नगर अस्पतालको सेवा शुरुवात गरिएको छ। उक्त नगर अस्पताललाई पचास शैयासम्म विस्तार गर्दै शल्यक्रिया लगायतका सेवा सुविधाहरु थप गर्दै जाने गरी केही काम पुरा भएका छन् भने केही कामको तयारी थालिएको छ । सबै स्वास्थ्य संस्थाहरु र कार्यरत जनशक्तिको क्षमता विकास गरिएको छ ।

८. शिक्षामा सामुदायिक विद्यालयहरुको संख्यात्मक पुनरावलोकन तथा गुणात्मक सुधारको थालनी गरिएको छ। विद्यालयमा आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईएको छ। उद्यमशील क्षमता भएका उद्यमीहरुलाई प्रारम्भिक तथा सघन प्रशिक्षण दिनुका साथै व्यवसाय दर्ता र नवीकरण प्रकृयामा सहुलियत प्रदान गर्दै व्यवसायीहरुको व्यवसायिक दक्षता अभिवृद्धि, पूँजी र प्रविधिमा पहुँच विस्तारका कार्यक्रम जस्ता प्रयासहरुबाट नगरपालिकालाई उद्यमशिलता र रोजगारीको हब बनाउने प्रयास जारी छन् ।

९. नगरको आन्तरिक आम्दानीको दायरा फराकिलो बनाउन तथा पर्यटनको प्रचुर सम्भाव्यताको उपयोग गर्न सकारात्मक र तिब्र कदमहरु अटुट रुपमा अगाडि बढाईएको छ ।

१०. नेपालको संविधान अनुरुप समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा सङ्घात्मक शासन प्रणाली अन्तर्गत स्थापित अधिकार सम्पन्न यस नगरपालिकाले लिएको लक्ष्यलाई पुरा गर्दै स्थानीय सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्दै संबैधानिक व्यवस्था अनुरुप अबलम्बन गरिएको शासन व्यवस्थाप्रति जनताको भरोसा बढाउन टेवा पुर्याउनु प्रस्तुत नीतिको **प्रमुख उद्देश्य** रहेको पनि अवगत गराउँदछु ।

११. सूर्यविनायक नगरपालिको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित ऐन-कानून, चालु आवधिक राष्ट्रिय योजना, नेपाल सरकारबाट जारी नीति तथा कार्यक्रम, अन्तराष्ट्रिय सन्धि सम्झौताहरु, बागमती प्रदेश सरकारबाट जारी नीति तथा कार्यक्रम, सूर्यविनायक नगरपालिकाबाट जारी भएको दीर्घकालिन सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, हामी निर्वाचित जनप्रतिनिधिहरुबाट नगरवासीसामु गरिएका प्रतिवद्धताहरु, विगतमा जारी भएका दीर्घकालीन महत्त्वका नीति तथा कार्यक्रमहरु तथा नागरिकका आवश्यकता तथा मागहरुलाई **आधार**को रुपमा लिइएको छ।

१२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुरुप नेपाल सरकार र प्रदेश सरकारीबाट प्राप्त हुने सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक एवम् विशेष अनुदान, राजश्व बाँडफाँड र यस नगरपालिकाको

आन्तरिक आय समेतको आधारमा बार्षिक आय-व्ययको अनुमान गर्दै प्रादेशिक, राष्ट्रिय र नगरपालिकाको आफ्नै स्थानीय लक्ष्यलाई समेत एकमुष्ठ रुपमा हाँसिल गर्ने प्रतिवद्धता सहित यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

१३. नेपालको संविधान अनुरुप गठिन तीन तहका सरकार मध्ये जनताको सबै भन्दा नजिकको, जनताले अपनत्व लिएको र जनताको सहज पहुँच भएको स्थानीय सरकारको रुपमा स्थापित यस नगरपालिकाका नगरवासीहरुलाई निर्वाचनका दौरान हामी निर्वाचित जनप्रतिनिधिहरुले व्यक्त गरेका प्रतिवद्धताहरु पूरा गर्न **आर्थिक पुनरुत्थान, उत्पादन र उत्पादकत्त्व वृद्धि, रोजगारी सिर्जना**, वित्तिय सुशासन सहित **सुशासन प्रवर्द्धन, सर्वसुलभ, सहज, समावेशी, समन्याय सहितको सामाजिक क्षेत्रको विकास, प्रभावकारी सार्वजनिक सेवा प्रवाह र आधारभूत मापदण्ड सहितको पूर्वाधार विकास** सूर्यविनायक नगरपालिकाको **मुख्य प्राथमिकताका क्षेत्र** मानी नीति कार्यक्रम तयार गरिएको छ ।

सभाका सदस्यूहरु,

अब म यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## क. <u>कृषि विकास तथा पशु सेवा सम्बन्धी:</u>

**१.** यस नगरपालिका भित्र कृषि क्षेत्रको व्यवसायीकरण गर्दै उत्पादनमा आत्म निर्भर बनाउन र स्थानीय रोजगारी सिर्जना गर्नको लागि कृषक, कृषक समूह र नीजि कृषि फर्म तथा सहकारीलाई नेपाल सरकार र प्रदेश सरकारको नीति अनुकुल हुनेगरी नगरपालिकाले अनुदान उपलब्ध गराउने छ ।

**२.** बढ्दो सहरीकरणसँगै नगर क्षेत्रमा विस्थापित हुन थालेको पशुपालन र कृषिखेतीको निरन्तरताका लागि कृषि भूमिको संरक्षण गर्नुका साथै कृषि तथा पशुपालन क्षेत्रको विकास र विस्तार गरी कृषि र पशुपालन पेशामा नयाँ प्रविधिको प्रयोग गर्दै आधुनिक र व्यवसायिक कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

**३.** कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको बीउ बिजन, कृषि औजार र सामाग्रीहरु कृषक तथा कृषक समूहहरुलाई ५० प्रतिशत अनुदान साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति लिइनेछ ।

४. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र तथा सहकारी समेतको सहकार्यमा कृषि पूर्वाधार जस्तैः चिस्यान केन्द्र, प्रशोधन केन्द्र तथा प्राङ्गारिक मल उत्पादन कारखानाको विकास कार्य अघि बढाइनेछ ।

५. 'एक वडा एक पशुपंक्षी तथा बाली उत्पादन पकेट' कार्यक्रम (जस्तैः गोलभेडा, च्याउ, कुरिलो, फूल, तरकारी, तथा पशुपालन) सञ्चालन गरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई विशिष्टीकरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ भनें यस्ता फसलहरुका अतिरिक्त दुग्धजन्य पदार्थ समेतका उप-उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

६. नगर क्षेत्रका सम्भावित स्थानहरुमा पुष्पखेतीलाई प्रबर्धन गर्न थप आधुनिक प्रविधिहरुको अबलम्बन गर्दै कृषकलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

७. 'माटो नै जीवन हो' भन्ने तथ्यलाई मध्यनजर गरी माटो जाँचका कार्यक्रम सञ्चालन गरिने र कृषि चुनमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८. शहरी क्षेत्रमा बढ्दै गएको प्रदुषणलाई न्यूनिकरण गर्दै घरायसी फोहोरको प्रयोग गरी कौसीखेती कार्यक्रम प्रवर्द्धनमा जोड दिईनेछ । यसबाट स्वस्थ्य र ताजा तरकारी उत्पादन एवं शहरी सुन्दरतामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

९. बढ्दै गएको रासायनिक मलको प्रयोग न्यूनिकरण गर्नको लागि प्रांगारिक खेती प्रवर्द्धनलाई प्राथमिकता दिई प्रांगारिक मल र जैविक विषादी उत्पादन तथा वितरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. गुणस्तरीय बिउ, मल, सिंचाइ यान्त्रिक उपकरण र प्रविधिको पहुँच सुनिश्चित गरिनेछ ।

११. खेतीबाली तथा पशुपालक कृषकहरुलाई आधुनिक खेती र पशुपालन, रसायनिक मलको कम प्रयोग तथा आधुनिक प्रविधको बारेमा तालिम, अध्ययन तथा अबलोकन भ्रमण जस्ता कार्यक्रम मार्फत सशक्तिकरण गरिनेछ ।

१२. नगर क्षेत्रभित्र जैविक र वातावरणमैत्री कृषि प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

१३. कृषि सहकारी तथा नीजिक्षेत्रका विज्ञ संस्था तथा सरोकारवाला निकायको सहकार्यमा कृषि विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१४. नगरपालिकामा दर्ता भएका कृषक समूह/कृषि फर्महरुलाई प्रोत्साहनको लागि मागमा आधारित कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१५. पशुपन्छीको प्राथमिक उपचार, परजीवी नियन्त्रण तथा अन्य रोगहरुको नियन्त्रण गर्न खोप प्रदान गर्नुका साथै औषधी खरिद गरी निःशुल्क वितरण गर्दै वडासंगको समन्वयमा प्रत्येक वडामा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१६. सामुदायिक कुकुर नियन्त्रणका लागि बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिंदै घरपालुवा कुकुरको अभिलेख व्यवस्थापनको लागि कुकुर दर्ता कार्यलाई समेत निरन्तरता दिईनेछ ।

१७. सामुदायिक कुकुरको संख्यामा कमी ल्याई कुकुरको टोकाईको जोखिम कम गर्न सामुदायिक कुकुरका छाउरा पाल्न चाहने व्यक्तिहरुलाई नगद प्रोत्साहन गरिनेछ ।

१८. प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी एवं व्यवस्थित गरी उन्नत नश्लको बाच्छा बाच्छीहरु उत्पादनमा जोड दिइनेछ ।

१९. नगरपालिकाका हरेक वडा कार्यालय अन्तर्गत रहने गरी पशु सेवा केन्द्रहरु संचालनमा ल्याउन थप कर्मचारीहरुको व्यवस्था गर्दै पशु स्वास्थ्य सुधारका लागि पशु स्वास्थ्य प्रयोगशालाको व्यवस्थापन गरी सेवा प्रवाह गरिनेछ।

२०. गाई र भैंसीको दुध उत्पादनलाई प्रोत्साहन गर्न र स्वच्छ तथा गुणस्तरीय मासु उत्पादनको लागि उत्पादको आधारमा तालिम तथा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ।

२१. किसानहरुको तथ्याङ्क सङ्कलन तथा सूचिकरण कार्यलाई पूर्णता दिंदै किसानका वास्तविक समस्या पहिचान गरी किसानहरुको व्यवसायिक हित तथा समस्या समाधानका लागि स्थलगत रुपमा नै जनशक्ति परिचालन गरिनेछ ।

२२. स्थानीय कृषि उत्पादनको प्रबर्धन तथा प्रचार प्रसार गर्नका लागि कृषि मेलाको आयोजना गरिनेछ भनें स्थानीय समुदायको परम्परागत खाजा र खानालाई प्रबर्धन गर्न रैथाने उत्पादन सहितको फुड फेस्टिबल समेत आयोजना गरिनेछ ।

२३. कृषि तथा पशुपालनको तथ्याङ्क तथा अभिलेखलाई सूचना प्रविधिमा आधारित बनाउन नगरपालिकाले चालु आर्थिक बर्षमा तयार गरेको सफ्टवेयर प्रणालीको उच्चतम प्रयोग गर्दै उक्त प्रणालीमा किसानहरुलाई आबध्द गरिनेछ । पशुबाट मानिसमा र मानिसबाट पशुहरुमा कुनैपनि किसिमका रोगहरु सर्न नदिन पशु तथा मानब स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यहरु संचालन गरिनेछ ।

२४. स्वस्थ मासु उपभोग गर्न पाउने उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न मासु पसलका लागि तयार गरिएको मापदण्डलाई थप कडाईसाथ लागू गरिनेछ । मासु पसलहरुको नियमित

अनुगमन गरी मापदण्ड अनुरुप संचालन नभएका पसलहरुलाई कारबाही दायरामा ल्याईनेछ ।

२५. छाडा, रोगी र घाइते जनावरहरुको संरक्षण र व्यवस्थापनका लागि विशेष प्रबन्ध मिलाईनेछ ।

२६. पशु उत्पादनमा बढोत्तरी गर्न पोषणयुक्त पशु आहाराको प्रबन्ध गरी निजीक्षेत्रको सहकार्यमा जोड दिइनेछ । स्थायी पशु आहारको व्यवस्थाका लागि एक वर्षे तथा वहुवर्षे घाँसवालीको विजवृद्धि र विस्तार गर्ने नीति लिइनेछ ।

२७. कृषि तथा पशुपालनका कार्यक्रम कार्यान्वयनको सघन अनुगमन गरी पृष्ठपोषणका आधारमा सुधार गर्दै लगिनेछ ।

**ख.पूर्वाधार विकास, भवन निर्माण तथा यातायात व्यवस्था सम्बन्धीः**

१. **"गुणस्तरीय र दिगो पूर्वाधारः समुन्नत नगर निर्माणको मूल आधार"** भन्ने नारालाई आत्मसाथ गर्दै सडक, ढल, विद्युत, पुल, खानेपानी आदि पूर्वाधारका क्षेत्रका आयोजनाबाट उचित समयमा गुणस्तरीय नतिजा आउने गरी आयोजना संचालन कार्यको नियमन तथा नियमित अनुगमन गरिनेछ ।

२. नगरसभाबाट स्वीकृत भई बोलपत्रको माध्यमबाट कार्यान्वयन हुने आयोजनाहरुको ठेक्का व्यवस्थापनको कार्य यहि असार १५ गतेदेखि नै शुरु गरी आगामी कार्तिक १५ गतेसम्म अनिवार्य रुपमा आयोजना तथा कार्यक्रमको सम्झौता भई कार्य आरम्भ गर्ने गरी पूर्वाधार विकास शाखालाई परिचालन गरिनेछ ।

३. नगर क्षेत्रभित्र रहेका पार्क, पोखरी, सामुदायिक भवन आदिको अभिलेख तयार गरी त्यस्ता संरचनाहरुको निर्माण, संचालन तथा व्यवस्थापन सार्वजनिक निजी साझेदारी (PPP) मोडलबाट लिजमा दिने व्यवस्थाका लागि अध्ययन गरी नियमानुसार निजी क्षेत्रसंग प्रस्ताव माग गरिनेछ ।

४. ठूला पूर्वाधार तथा पर्यटनसंग सम्बन्धित पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी अबलम्बन गरी कार्यान्वयन गरिनेछ ।

५. सडक पूर्वाधारहरु र वस्ती तथा चोकहरुमा सौन्दर्यता अभिवृद्धि हुने गरी **सुन्दर चोक** अभियान प्रारम्भ गरिनेछ । सोको विस्तृत अवधारणा पत्र तयार गरी नमूनाको रुपमा एक वडा एक चोक कार्यक्रम आगामी आर्थिक वर्षवाट नै कार्यान्वयनमा ल्याईनेछ।

६. सडक पेटीलाई पैदल यात्रीको अधिकारक्षेत्रको रुपमा स्थापित गर्न सडक पेटीको अनधिकृत र अनुपयुक्त उपयोगलाई पूर्णतया: निशेध गर्ने नीति लिईनेछ ।

७. योजनाबद्द तरिकाले पुराना वस्तीहरुको सुधार, विकास तथा विस्तार गरिनेछ । जोखिमयुक्त वस्ती स्थानान्तरण साथै एकिकृत वस्ती विकासमा जोड दिईनेछ ।

८. सार्वजनिक पूर्वाधार उपयोग र मर्मत सम्भारका लागि **नागरिक टास्क फोर्स**को अवधारणात्मक ढाँचा तय गरी अभ्यासमा ल्याईनेछ ।

९. नदीप्रणाली र परम्परागत कुलोको प्राकृतिक र निर्वाध वहाव प्रणालीको व्यवस्थापन गर्न र जोखिममुक्त बनाउनका लागि विस्तृत अध्ययन गरिनेछ । सार्वजनिक ढल प्रणालीको उपयुक्त सञ्जाल निर्माण गर्न तथा ढल सुद्धीकरणका उपयुक्त उपायहरु अवलम्वन गरिनेछ ।

१०. नरपालिका भित्र रहेका पुरातात्विक मठ मन्दिर, सामुदायिक भवन, फल्चा, पाटी पौवाहरुको अभिलेख तयार गरी अधुरा रहेका यस्ता संरचनाहरुलाई सम्पन्न गर्दै जाने नीति लिइनेछ।

११. नगर यातायत गुरुयोजनालाई आगामी आर्थिक बर्षमा सामयिक पुनरावलोकन गरिनेछ । नगरक्षेत्रका भित्री सडकहरुमा नगरवसको व्यवस्थाका साथै निजीक्षेत्रबाट सार्वजनिक सवारी सञ्चालन गर्न रुट निर्धारण र ईजाजत प्रणाली कार्यान्वयनमा ल्याईनेछ।

१२. यस नगरपालिकाभित्र घर निर्माण गर्ने सबै घरधनीलाई नक्सापास प्रक्रिया तथा निर्माण सम्बन्धी अभिमुखीकरण कार्य गरिनेछ ।

१३. निर्माण सम्पन्न पश्चात् प्रत्येक घरधनीलाई कम्पोष्ट बिन वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

१४. विगतमा नक्सा पास गरेका/नक्सा पास नगरी घर बनाएका साविकको मापदण्ड पूरा गरेका/नगरेका सबै घरहरूलाई अभिलेखीकरणको माध्यमबाट नगरपालिकाको अभिलेखमा आबद्द गरिनेछ ।

१५. बेसमेन्ट पार्किङ सहित नक्सा पास गर्ने घरधनीलाई राजस्वमा पाँच प्रतिशत छुट दिइनेछ ।

१६. **एक घर दुई बिरुवा** भन्ने नारा सहित घर/भवनको निर्माण सम्पन्न प्रमाणपत्र दिंदा कम्तिमा दुई बहुबर्षिय बिरुवा रोपेको कुरा सुनिश्चित गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

१७. सार्वजनिक सडकलाई पार्किङ निषेधित क्षेत्र कायम गर्न आवश्यक भएकोले आगामी आर्थिक बर्षमा न्यूनतम ८ मिटर भन्दा कम चौडाई भएका सडकहरुमा पार्किङ्ग निषेधित गर्न आवश्यक प्रबन्ध मिलाउन नगर प्रहरीलाई परिचालन गरिनेछ ।

१८. नगर क्षेत्रमा सडक सुरक्षा र दुर्घटना रोकथामका लागि ट्राफिक व्यवस्थापन, पार्किङ क्षेत्र निर्धारण, बसपार्क व्यवस्थापन आदि कार्यमा संघ तथा प्रदेश सरकारसंग समन्वय गरी कार्य थालनी गरिनेछ ।

१९. शहरको सुन्दरता बिगार्ने गरी राखिएका अव्यवस्थित होर्डिङ बोर्डहरुलाई नगर प्रहरी परिचालन गरी हटाईनेछ ।

२०. सुरक्षित भवन निर्माणको लागि राष्ट्रिय भवन संहिताको अनिवार्य पालना गर्नुपर्ने व्यवस्था मिलाई सोको नियमित र प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था गरिनेछ ।

२१. भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । जुनसुकै जनप्रतिनिधि/कर्मचारीले जुनसुकै समय भवन ईजाजत अनुगमन गर्न सक्ने व्यवस्था मिलाईएको छ ।

२२. निजी प्रयोजनको लागि निर्माणहुने भवनहरुमा आवश्यक पार्किङ्गको व्यवस्था तथा व्यावसायिक प्रयोजनको लागि निर्माण हुने भवनहरुमा भूमिगत पार्किङ्ग साथै खुला क्षेत्रको व्यवस्था र हरियाली कायम गर्ने कार्यलाई समेत अनिवार्य रुपमा लागू गरिनेछ ।

२३. वर्षातको पानी सङ्कलन तथा उपयोग को व्यवस्था गर्न र परम्परागत पुरातात्विक शैली सहित घर नक्सा पास गर्न प्रोत्साहन गरिनेछ ।

२४. नयाँ निर्मित घरहरुको नियमित सुपरिवेक्षण अनिवार्य गरी तालिम प्राप्त डकर्मीद्धारा भवन निर्माण गर्न डकर्मीलाई सूचिकृत गर्दै तालिम तथा प्रमाणपत्र दिने तथा निर्मित घरहरुलाई सो व्यहोरा उल्लेख गरी प्रमाण पत्र प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।

२५. आवास प्रयोजनको लागि गरिने भूमिको खण्डीकरणलाई कडाईका साथ नियमन गरिनेछ । निर्धारित वस्ती विकास मापदण्ड पूरा नगरी कुनै पनि जग्गाको कित्ताकाट गर्न दिईने छैन ।

२६. नगरबासीको स्वच्छ र पर्याप्त खानेपानी प्रयोग गर्न पाउने अधिकारलाई कार्यान्वयन गर्नका लागि "सूर्यविनायक बृहत खानेपानी आयोजना" लाई दश वटै वडामा विस्तार गरिनेछ ।

२७. प्रथम चरणमा मेलम्ची खानेपानी आयोजना अन्तर्गतको खानेपानी वितरण भई रहेको वडा नं. २, ३, ४, ५ र ६ का उपभोक्ताहरुलाई क्रमश: काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सदस्य बनाईनेछ ।

२८. विद्यमान खानेपानी उपभोक्ता समितिहरु उपत्यकामा खानेपानी वितरणको जिम्मा लिएको सरकारी निकाय काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई हस्तान्तरण गर्दै लगिनेछ ।

२९. नगरबासीहरुका लागि आधारभूत खानेपानी आपूर्ति श्रोत सुनिश्चितता र स्वच्छ खानेपानी वितरण गर्ने जलाधार तथा खानेपानी मुहानको संरक्षण गरिनेछ ।

३०. वडा नं. ९ को प्रशासकीय भवन आगामी आर्थिक बर्षमा सम्पन्न गरिनेछ भने वडा नं. १ को प्रशासकीय भवन निर्माण प्रकृया अगाडि बढाईनेछ ।

३१. मेलम्ची खानेपानी आयोजनाको पानी वितरणका लागि बाँकी पाईप लाईनको निर्माण तथा मर्मत कार्य आगामी आर्थिक बर्षभित्र सम्पन्न गरिनेछ ।

३२. **"नगर प्रमुख उज्यालो नगर"** कार्यक्रम अन्तर्गत नगरबासीको सुरक्षाको लागि जडान गरिएका सडक बत्तीहरुको महशुल क्रमशः भुक्तानी गर्दै सुरक्षाको दृष्टिकोणले संवेदनशील क्षेत्रहरु पहिचान गरी सडक बत्ती जडान कार्यलाई निरन्तरता दिईनेछ ।

३३. भूमिहिन दलित, भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बासोबासीहरुलाई सुरक्षित र दिगो आवास व्यवस्थाका लागि जिल्ला स्तरमा गठित भूमि आयोग संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरुसंग समन्वय गरिनेछ ।

**ग. <u>शिक्षा, युवा तथा खेलकुद सम्बन्धी:</u>**

१. **"हामी सबैको जिम्मेवारी; गुणस्तरीय शिक्षाको लागि खबरदारी"** भन्ने मूलमन्त्रलाई साकार बनाउन साथै सामुदायिक विद्यालयको नतिजामा सबै पक्षलाई उत्तिकै जिम्मेवार र जवाफदेही बनाउन अविभावक, विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, कर्मचारी र नागरिक समाज समेतले पालना गर्नुपर्ने जिम्मेवारी र आचार संहिता बनाई कडाईका साथ लागू गर्दै त्यसको प्रभावकारी अनुगमन गरिनेछ ।

२. **"अनिवार्य आधारभूत, निःशुल्क र जीवनोपयोगी माध्यमिक शिक्षा, सामाजिक पूँजीको विकास र विस्तार गर्ने सूर्यविनायकको इच्छा"** भन्ने नारालाई निरन्तरता दिंदै सामुदायिक शिक्षाको गुणस्तर प्रवर्द्धनको महाअभियान सञ्चालन गरिनेछ ।

३. विद्यालय शिक्षाको गुणस्तर बढाउन सामुदायिक विद्यालयहरु बिच प्रतिष्पर्धात्मक भावनाको विकास गराउनुका साथै नगर क्षेत्रभित्रका केही विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गर्न उपयुक्त कार्यक्रम संचालन गरिनेछ ।

४. बिद्यालयहरुमा शिक्षण सिकाई कृयाकलापलाई जीवनोपयोगी तथा जीवनपर्यन्त बनाउन विद्यार्थीलाई सिपमूलक कक्षा संचालन गरी बालबालिकामा दैनिक जीवनमा आवश्यक आधारभूत सीपहरुको विकासमा जोड दिन विद्यालयलाई प्राविधिक धार उन्मुख हुन उत्प्ररित गराउनुका साथै सीपमूलक अतिरिक्त कक्षाहरु समेत संचालन गरिनेछ ।

५. शैक्षिक संस्थाहरुमा देखिएको समस्या तथा चुनौतिहरुको समाधानका लागि संघीय शिक्षा ऐन जारी भए पश्चात नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक संस्थाहरुलाई समयसापेक्ष सबल, सक्षम र प्रभावकारी बनाइनेछ ।

६. संस्थागत विद्यालयहरुको गुणस्तर अभिवृद्धिका लागि विद्यालय स्तरीकरण कार्यक्रम सम्पन्न गरी स्तरीकरणका आधारमा शुल्क निर्धारण गरिनेछ ।

७. सूर्यविनायक नगरपालिकाले गरेका रचनात्मक तथा सृजनात्मक कार्यबाट सामुदायिक विद्यालयहरुमा गुणस्तर सुधार हुँदै गएको कारण विद्यार्थीहरुको आकर्षण वढ्दै गएकोमा चालु शैक्षिक सत्रमा केही विद्यालयले विद्यालयमा भर्ना हुन आएका सवै बालबालिकालाई विद्यालयको कक्षा कोठा लगायत भौतिक पूर्वाधारको कमीका कारणबाट भर्ना गर्न नसकेको देखिएको हुँदा विद्यालयको भौतिक सुविधा विस्तार कार्यक्रमलाई अगाडि बढाइनेछ ।

८. शिक्षकको पेशागत सीप तथा क्षमता बिकासमा सहयोग पुग्ने किसिमका सूचना प्रविधिमा आधारित सबलिकरण कार्यक्रम संचालन गरिनेछ । शिक्षकलाई कक्षा ब्यवस्थापनमा सहयोग पुग्ने सामग्रीहरु उपलब्ध गराइनेछ । प्रत्येक शिक्षकलाई एक वर्षमा कम्तिमा एक पटक तालिममा सहभागी हुने गरी कार्यक्रम तय गरिनुका साथै शिक्षक डायरीको प्रयोगलाई थप प्रभावकारी र ब्यवस्थित गरिनेछ ।

९. नगरस्तरीय परीक्षा समितिबाट विद्यालयस्तरमा सञ्चालन हुने आवधिक परीक्षाहरुलाई व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ । परीक्षाको नतिजा विश्लेषण गरी कमजोर विषयका विद्यार्थीहरुलाई उपचारात्मक कक्षा संचालन गर्न बिद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

१०. विद्यालयहरुलाई आधुनिक विज्ञान प्रविधिमैत्री तथा खोज र अनुसन्धान गर्न प्रेरित गर्ने किसिमको शिक्षण विधिमा जोड दिन शिक्षक तालिममा जोड दिइनेछ । जसबाट ई-लर्निङ शिक्षक मेन्टरिङ कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

११. न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुलाई एकीकरण तथा विद्यार्थी संख्या बढी भएका विद्यालयहरुलाई स्तर उन्नती गर्ने कार्य गरिनेछ ।

१२. **"एक विद्यालय- एक स्काउट ट्रुप"** कार्यक्रमलाई निरन्तरता दिई विद्यार्थीहरुमा राष्ट्रभक्ति, स्वाबलम्वी, अनुशासीत र कर्तव्यनिष्ठ नागरिक बन्न प्रेरित गर्ने किसिमका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१३. माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा (SEE) को परीक्षा दिएर बसेका विद्यार्थीहरुकालागि भविष्यमा कुन विषय वा क्षेत्रमा गई बृत्ति विकास गर्ने भन्ने अन्योलतालाई न्यूनीकरण गर्ने साथै स्वदेशमा नै बसी बृत्ति विकास मार्ग चित्र (Career Counselling) कार्यक्रमलाई परिष्कृत रुपमा सञ्चालन गरीनेछ ।

१४. नगरपालिकाभित्र बसोवास गर्ने शिक्षा बिषयमा उच्चशिक्षा हासिल गरी सोही क्षेत्रबाट निवृत्त भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी उहाहरुको ज्ञान तथा अनुभवलाई शैक्षिक विकासमा उपयोग गर्नका लागि पूर्व शिक्षक तथा शिक्षा प्रशासक सहितको विषयविज्ञ समिति गठन गरी सघन रुपमा बिद्यालयहरुको अनुगमन गर्ने कार्य चालु आर्थिक बर्षबाट नै शुरू गरिएको छ । यस कार्यलाई थप प्रभावकारी बनाई शिक्षकहरुको पेशागत सहयोगमा केन्द्रित गरिनेछ ।

१५. विद्यालयहरुमा कक्षाकोठा भित्र हुने शिक्षण सिकाई कृयाकलापलाई विद्यार्थी केन्द्रित बनाई सिकाई प्रभावकारी बनाउन अन्तर विद्यालय अध्ययन भ्रमण, पालिका भित्रका महत्वपूर्ण स्थानहरुको अवलोकन भ्रमण तथा उत्कृष्ट शैक्षिक संस्थाहरुको अध्ययन अवलोकनका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरी असल अभ्यासको आदान-प्रदानलाई निरन्तरता दिईनेछ ।

१६. सूर्यविनायक नगर युवा नीति स्वीकृत गरी नगर युवा समिति गठन गरिनेछ । समितिलाई युवा वर्गको हित र उन्नयनमा परिचालन गरिनेछ ।

१७. विपद तथा महामारी व्यवस्थापन, विकास निर्माण, सरसफाई तथा वातावरण संरक्षण र सामाजिक चेतना बढाउने कार्यमा युवा स्वयं सेवक परिचालन गरिनेछ ।

१८. युवा उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालन गर्दा व्यवसाय दर्ता तथा नविकरणमा विशेष छुट दिईनेछ । सूचना प्रविधिसंग सम्बन्धित उद्योग व्यवसाय गर्ने युवाहरुलाई समेत राजस्वमा छुट दिईनेछ ।

१९. युवा जनशक्तिको बढ्दो बिदेश पलायनको क्रमलाई रोक्न साथै युवा शक्तिलाई स्वदेशमा नै सम्भावना र अवसर छ भन्ने कुराको प्रत्याभूती दिनका लागि युवा संजाल तयार गरी लक्षित युवालाई उच्च शिक्षा अध्ययनमा छात्रबृत्ती प्रदान गर्नुका साथै रोजगारीका अवसर सिर्जना गर्ने गरी आगामी आर्थिक बर्षका योजना र कार्यक्रमहरु लक्षित हुनेछन् ।

२०. स्नातकोत्तर र विद्यावारिधी अध्ययन गर्ने विद्यार्थी तथा शोधार्थीहरुलाई शोध कार्यमा प्रोत्साहन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२१. स्थानीय स्तरमा सामुदायिक पुस्तकालय र बाचनालयहरु स्थापना तथा संचालनका लागि आवश्यक कार्यक्रम अगाडि बढाईनेछ ।

२२. विद्यालय देखि नै खेलकुदको विकास तथा विस्तारका लागि कार्यक्रम वनाई कार्यान्वयन गरीनेछ । विगत वर्षदेखि नै सञ्चालन हुदै आएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लाई थप परिस्कृत र सहभागितामूलक बनाउन सबै विद्यालयहरुसंग समन्वय गरिनेछ ।

२३. सूर्यविनायक खेलकुद विकास ऐन, २०८० ले तोके अनुसार समुदायस्तरदेखि नै खेल संस्कृतिको विकास तथा प्रवर्द्धनका लागि स्थानीय खेलकुद संघसंस्था दर्ता गरी विविध खेलकुद प्रतियोगिताहरुको आयोजना गरी खेलाडी तथा खेलकुद संस्थाको संस्थागत विकासमा जोड दिइनेछ ।

२४. निजी विद्यालयले प्रचलित कानून बमोजिम प्रदान गर्नुपर्ने छात्रबृत्ती कोटा विद्यालय छात्रबृत्ती कार्यविधि बमोजिम नगरपालिकाको सिफारिसमा गरिब तथा जेहनदार विद्यार्थीलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

२५. बिद्यालयमा भएका मौजुदा स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै आवश्यकताको आधारमा बिद्यालयहरुलाई स्रोतसाधनयुक्त बनाउन तथा शिक्षाको गुणस्तर बढाउनका लागि विद्यालयमा शिक्षण सिकाई क्रियाकलापलाई योजनावद्ध रुपमा सञ्चालन गर्नका लागि आवधिक शिक्षा योजना निर्माण गरिनेछ ।

२६. सामुदायिक विद्यालयहरुमा विद्यार्थी आकर्षण बढाउन तथा विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्न विद्यालय पूर्वाधार तथा परिसरमा व्यापक सुधार गरी विद्यालयमा वाह्य तथा आन्तरिक सौन्दर्य बढोत्तरी गरिनेछ ।

२७. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ । माध्यमिक शिक्षा तहमा आधारभूत जीवनउपयोगी तथा प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ । यसका लागि सेवा प्रदायक अन्य साझेदार संस्थाहरुसँगको सहकार्यमा बढोत्तरी गरिनेछ ।

२८. निजीस्तरमा सञ्चालित शैक्षिक परामर्श केन्द्र, कोचिङ्ग सेन्टर, तालिम केन्द्र लगायतका संस्थाहरुको दर्ता अभिलेखीकरण गरी नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

२९. आधारभूत तह (कक्षा १-५) का विद्यार्थीका लागि दिइँदै आएका दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि रैथाने उत्पादनहरुसंग जोड्दै नगरपालिकाबाट सूची तयार गरी विद्यालयमा अनिवार्य रुपमा लागू गरिनेछ ।

३०. सामुदायिक विद्यालयको सबै तथ्याङ्क विद्युतीय प्रणालीमा आवद्ध गरी प्रभावकारी उपयोग गरिनेछ ।

३१. विद्यालयमा नृत्य, गायन, संगीत, साहित्य, खेलकुद तथा दैनिक जीवनोपयोगी कलाको अतिरिक्त सीप प्रदान गर्न विषयगत आंशिक प्रशिक्षकको स्थायी व्यवस्था गरिनेछ ।

३२. निजी तथा सामुदायिक विद्यालय तथा क्याम्पसहरुसंग सहकार्य गरी गरिब तथा जेहनदार विद्यार्थीलाई पठनपाठनमा सहयोग गरिनेछ । विभिन्न विश्वविद्यालय अन्तर्गत उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गरिनेछ ।

३३. नगरपालिकाभित्र संचालनमा रहेका संस्थागत विद्यालयहरुलाई नियमित नियमन तथा अनुगमनमा वडा शिक्षा समितिलाई जिम्मेवार बनाईनेछ । संस्थागत विद्यालयका शिक्षकको क्षमता अभिवृद्धि तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न नगरपालिका तथा विद्यालयबीच समन्वय र साझेदारी गरिनेछ ।

३४. सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई सीप तथा जीवनोपयोगी शिक्षासंग आबद्द गरी विद्यार्थीहरुलाई पढ्दै कमाउँदै कार्यक्रम मार्फत आयआर्जनमा जोडिनेछ । जसले गर्दा हरेक व्यक्ति विद्यालय तहदेखि नै आत्मनिर्भर बन्दै जाने कुरा विश्वास गरिएको छ ।

३५. सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा राष्ट्रियस्तरको रंगशाला, खेलग्राम, नगरस्तरीय खेलमैदानको निर्माण कार्यलाई तीव्रता दिइनेछ । युवाहरुको शारिरिक तथा मानसिक विकासका लागि खेलकुद पूर्वाधार निर्माण, खेलकुद प्रतियोगिता संचालन तथा खेल सामग्री वितरणका कार्यलाई निरन्तरता दिईनेछ ।

३६. नगरपालिकाभित्र रहेको पवित्र तिर्थस्थल डोलेश्वर महादेवको प्राङ्गणमा संचालित डोलेश्वर आधारभूत विद्यालयलाई क्रमशः संस्कृत/वैदिक विद्यापीठको रुपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहयोग गरिनेछ ।

**घ. पर्यटन तथा संस्कृति सम्बन्धीः**

१. नगर क्षेत्रमा शिव सर्किटको रुपमा पहिचान भएका धार्मिक स्थलहरुको थप विकास गरी प्रचार प्रसार गरिनेछ ।

२. निजी क्षेत्र समेतको साझेदारीमा पर्यटन क्षेत्रको व्यवस्थापन र विकास गरिनेछ ।

३. पर्यटन तथ्याङ्क प्रणालीमा सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोग गरी विकास तथा विस्तार गर्दै नगर क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ। पर्यटकीय क्षेत्रको डिजिटल प्रोफाइल तयार गरी नगरपालिकाको वेभसाईटमा जोडिनेछ ।

४. संस्कृति र परम्परामा आधारित सम्पदाहरुको संवर्द्धन, संरक्षण र विकास गरी यस्ता सम्पदाहरुलाई पर्यटकीय रोजाइका क्षेत्रको रुपमा विकास गरिनेछ ।

५. प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्दै नगरको पर्वतीय भूक्षेत्रलाई पर्यापर्यटकीय क्षेत्रको रुपमा विकास गरी राजधानी नजिकको जैविक विविधता अवलोकनको आकर्षण केन्द्रको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

६. स्थानीय सांस्कृति, जातीय र धार्मिक परम्परासंग सम्बन्धित रैथाने उत्पादनमा आधारित होमस्टेको विकास गरी ग्रामीण पर्यटनको प्रवर्द्धन गरिनेछ ।

७. परम्परागत ढुङ्गाकला र काष्ठकला, शीलपकला, मूर्तिकलालाई नगर क्षेत्रमा नमूना व्यवसायको रुपमा व्यवस्थित गर्न सोसंग सम्बन्धित व्यवसयीलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

८. नाट्यकला, संगित र नृत्यकलाको प्रबर्धनका लागि उक्त विषयका प्रशिक्षक तयार गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

९. विभिन्न जातजातिहरुको परम्परागत जात्रा, पर्व, पूजा आदिको सूचीकरण गरी उक्त परम्पराको संरक्षण र निरन्तरताका लागि स्थायी कोषको प्रबन्ध गरिनेछ ।

**ङ. श्रम, रोजगार र औद्योगिक विकास सम्बन्धीः**

१. **"उद्यमशीलता र रोजगारीः हामी सबैको जिम्मेवारी"** भन्ने मूल लक्ष्यलाई प्राप्त गर्न युवा वर्गलाई लक्षित गरी सीपमूलक, स्वरोजगारमूलक र उद्यमशीलता तालिम प्रदान गरिनेछ । निजी क्षेत्रका

रोजगारदाताहरुसंग समन्वय गरी नगर क्षेत्रमा रहेका सीप र क्षमतायुक्त जनशक्तिलाई खपत गर्न प्रोत्साहन गर्दै **'काम खोज्नेले काम नपाउने; काम गर्न मान्छे नपाउने'** अवस्थाको अन्त्य गरिनेछ । जसका लागि नगरपालिकामा एक श्रम सहायता कक्षको स्थापना गरिनेछ ।

२. युवा रोजगारीलाई लक्षित गरी उद्यमशीलता विकास गर्दै सीप, पूँजी र प्रविधि हस्तान्तरण मार्फत स्वरोजगार प्रवर्द्धन र उत्पादन बढोत्तरीको लागि **'नगर प्रमुख स्वरोजगार'** कार्यक्रम सञ्चालन गरिनेछ।

३. रोजगार सेवा केन्द्रले नगर क्षेत्रभित्रका बेरोजगार व्यक्तिको लगत संकलन गरी सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई रोजगारी सुनिश्चित गर्न नगर क्षेत्रभित्र हुने व्यावसायिक कृषि, सिंचाई, नदी नियन्त्रण, वन, पर्यटन र यातायात पूर्वाधार लगायतका सार्वजनिक विकास निर्माणका कार्य, सहकारी, निजि तथा गैर सरकारी, संघ संस्था व्यक्ति तथा समुदायका लागि आवश्यक श्रमशक्ति उपलब्ध गराउने माध्यमको रुपमा कार्य गर्ने गरी व्यवस्था मिलाईनेछ ।

४. पर्यटकीय क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रको विकास र विस्तारमार्फत आन्तरिक रोजगारीको अवसर सिर्जना गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

५. श्रमको सम्मान गर्ने परिपाटीको विकास गरी गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न नगरपालिकामा संचालन हुने विकास निर्माणका काममा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

६. **"नगर प्रमुख सीप विकास कार्यक्रम"** अन्तर्गत इच्छुक व्यक्तिलाई इलेक्ट्रिसियन, मोटरसाईकल मर्मत, मोबाइल मर्मत आदि सीपमूलक र व्यवसायिक तालिम संचालन गरिनेछ ।

७. बैदेशिक रोजगारमा जान चाहनेहरुका लागि सुरक्षित बैदेशिक रोजगारीको प्रत्याभूति गर्न नगर क्षेत्रमा सामी परियोजना संचालन हुन लागेकोले उक्त परियोजना मार्फत सुरक्षित र भरपर्दो बैदेशिक रोजगारी सुनिश्चित गर्ने गरी कार्य गरिनेछ ।

८. नगर कार्यपालिकाबाट हालै स्वीकृत स्थानीय रोजगार रणनीतिको कार्यान्ययनको लागि उचित व्यवस्था गरिनेछ ।

९. वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता भएका युवाहरुको ज्ञान, सीप, क्षमता, प्रविधि, पूँजी, सञ्जाल र पहुँचलाई नगरपालिकाको विकास र समृद्धिसंग जोड्न लगानीमैत्री वातावरण सृजना गर्दै स्वरोजगारमूलक पेशा र व्यावसायमा संलग्न व्यक्तिहरुलाई व्यवसायिक योजनाको आधारमा नगद सहयोग गरिनेछ ।

१०. स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने भावनाको विकास गरी युवा जनशक्तिको नैराश्यतालाई कम गर्दै विदेश पलायन रोक्न साथै नगरभित्रको बढ्दो वेरोजगारी दर कम गर्न स्वदेशमै रोजगारी सृजना गरी दक्ष जनशक्ति उत्पादन गर्ने अभिप्रायले नगर क्षेत्रमा मागमा आधारित सीपमूलक,

रोजगारमूलक र आयमूलक तालिमहरु सञ्चालन गर्नको निमित्त वडा नं. ७ को घ्याम्पेडाँडामा **नगर प्रशिक्षण केन्द्र**को स्थापना गरी नवप्रवर्तनका कार्यहरुको शुभारम्भ गरिनेछ ।

**११.** नगर प्रशिक्षण केन्द्रबाट तालिम प्राप्त जनशक्तिको व्यवस्थित अभिलेख राखी नगरपालिकाले रोजगार/स्वरोजगारका क्षेत्रहरुमा जोड्न पहल गर्नेछ ।

**१२.** प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन हुने कार्यक्रमहरु संचालन गर्दा नगरपालिका तर्फका सोही प्रकृतिका कार्यक्रमहरु समेतलाई संयुक्त रुपमा संचालन गरिनेछ । यस्ता कार्यक्रमलाई दिगो र स्वरोजगारमुखी बनाईनेछ ।

**१३.** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार व्यक्तिहरुलाई सडक सरसफाई तथा सडक छेउमा अव्यवस्थित रुपमा राखिएका निर्माण सामग्रीहरु हटाउने कार्यमा परिचालन गरिनेछ ।

**१४.** सीप हाँसिल गरेका व्यक्तिहरुलाई व्यवसाय संचालन गर्न आवश्यक पर्ने कर्जा, प्रविधि तथा बजार व्यवस्थापनका पक्षहरुमा आवश्यक सहयोग प्रदान गरिनेछ ।

**१५.** नगर औद्योगिक ग्राम निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।

**१६.** नगर क्षेत्र भित्र संचालनमा रहेका सवै प्रकारका उद्योग व्यापार व्यवसायलाई स्थानीय सरकार संचालन ऐन अनुसार सूचिकृत र अध्यावधिक हुनुपर्ने प्रावधानलाई कडाईका साथ पालन गर्न स्थलगत रुपमा नै व्यवसाय दर्ता तथा नविकरणको लागि टोली परिचालन गरिनेछ ।

**१७.** नगर क्षेत्रका कम्तिमा २५ जना नागरिकलाई रोजगारी उपलब्ध गराउने उद्योग, व्यवसायको व्यवसाय दर्ता र नवीकरण शुल्कमा २५ प्रतिशत छुट सहुलियत प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

**१८.** परम्परागत पेशा अंगालेका व्यक्ति तथा समूहले (जुत्ता, कपडा सिलाउने तथा फलामका सामग्री बनाउने) दिगो रुपमा त्यस्तो पेशालाई व्यवसायको रुपमा विकास गर्न चाहेमा लागत साझेदारीमा प्रविधि हस्तान्तरण र बजारीकरणका लागि सहयोग गरिनेछ ।

**च. <u>सहकारी तथा संघसंस्था सम्बन्धी:</u>**

१. सहकारी संस्थाको दर्ता तथा नवीकरण कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।

२. सहकारीको माध्यमबाट उत्पादनमूलक क्षेत्रमा पूँजी परिचालन गरी उत्पादकत्व बढाउँदै वित्तीय पहुँच बढाईनेछ ।

३. सहकारी संस्थाहरुको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन र संस्थागत सबलीकरणका लागि नगरपालिकाको सहकारी ऐनमा संसोधन तथा परिमार्जन गरिनेछ ।

४. सहकारी संस्थाहरुको संस्थागत सक्षमता बढाउन सहकारी एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

५. सबै प्रकारका सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

६. सहकारी संघ संस्थाहरुलाई थप व्यवस्थित र सबल बनाउन अनुगमन सुपरिवेक्षणका लागि नगर स्तरीय सहकारी समन्वय समिति तथा अन्य सरोकारवाला निकायहरुसंग गरिने समन्वय र सहकार्यलाई प्रभावकारी बनाईनेछ । सहकारीका बचतकर्ताहरुको बचतको सुरक्षाका लागि प्रादेशिक र संघीय निकायहरुसंग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

७. प्रादेशिक तथा संघीय निकायहरुसंगको समन्वय र सहकार्यमा सहकारी संस्थामा राखिएको बचत हिनामिना भएको भनी नगरपालिकामा प्राप्त गुनासो तथा निवेदनहरुलाई समयमा नै किनारा लगाईनेछ ।

८. विभिन्न चौकहरुको सरसफाई र सौन्दर्यकरणका लागि टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ । चौक सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९. **उज्यालो शहर** अभियानको निरन्तरताका लागि सडक बत्ती जडान मर्मतसम्भार तथा महशुल भुक्तानीमा स्थानीय उपभोक्ताको अर्थपूर्ण सहभागिताको लागि टोल विकास संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

१०. नगरपालिकाको विकासमा साझेदार स्थायी प्रकृतिका उपभोक्ता समितिहरुको संस्थागत विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ भनें पटके र अस्थायी प्रकृतिका उपभोक्ता समितिहरुलाई समयमा गुणस्तरयुक्त कार्यसम्पादन गर्न सहयोगी हुने तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

११. टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकास गरी त्यस्ता संस्थाहरुलाई नगरपालिकाको सारथी र सद्भावना दुतको रुपमा परिचालन गरिनेछ ।

१२. नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक, गैर सरकारी तथा व्यवसायिक संघसंस्थाहरुलाई नियमन गरी नगरपालिकामा समेत दर्ता/सूचीकृत गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

**छ.<u>वन तथा वातावरण सम्बन्धी:</u>**

१. सामुदायिक वनलाई नगरपालिकामा सूचिकृत गरी कार्ययोजना तर्जुमामा सहयोग गरिनेछ । कार्ययोजनामा आधारित भई वन क्षेत्रको वहुउपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

२. बहुवर्षीय फूल, फलफूलजन्य तथा काष्ठजन्य वन पैदावर, वनस्पतिका विरुवा उत्पादन गर्न र बोट विरुवामा नगरलाई आत्मनिर्भर बनाउन आवश्यक संख्यामा सार्वजनिक तथा निजीक्षेत्रमा समेत हाई टेक नर्सरी स्थापना गरिनेछ ।

३. भूस्खलनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी भू संरक्षण तथा तटवन्धका कार्यलाई विस्तार गरिनेछ ।

४. निजी वन जोगाउनेलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ भनें सामुदायिक वनको व्यवस्थापनमा सहयोग गर्दै सामुदायिक वन उपभोक्ता समितिसंगको साझेदारीमा वन क्षेत्रभित्र पोखरी तथा पार्क निर्माणको कार्य गरिनेछ ।

५. जग्गा एकिकरण गरी घडेरी बनाई बेचबिखन गर्ने फर्म तथा कम्पनीहरुलाई अनिवार्य रुपमा उक्त कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराउनु पर्ने व्यवस्था गरिनेछ ।

६. सार्बजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहित गर्दै निरन्तरता दिइनेछ ।

७. कमसल तथा भिरालो जग्गामा फलफुलका बिरुवा रोप्ने र हुर्काउने कार्य गरिनेछ । फराकिला सडकहरुको सडक छेउमा सुन्दरता बढाउने किसिमका बोटबिरुवाहरु रोपण कार्य अगाडि बढाईनेछ ।

८. हाल विभिन्न संघसंस्था तथा फर्महरुसंगको सहकार्यमा नगरपालिकाको फोहोरमैलाको प्रभावकारी व्यवस्थापन भई रहेको छ । फोहोरलाई श्रोतमा नै घटाउनका लागि कुहिने र नकुहिने फोहोर छुट्याएर राख्ने, कुहिने फोहोरलाई घरमा नै व्यवस्थापन गरी जैविक मल बनाउने प्रविधिलाई जनस्तरसम्म पुर्याउन जनचेतानामूलक कार्यक्रम संचालन गरिनेछ ।

९. घरबाट निष्काशन हुने फोहोरको परिमाणलाई न्यूनीकरण गर्न तौलमा आधारित शुल्क निर्धारणको लागि आवश्यक अध्ययन गरिनेछ ।

१०. फोहोरको अवैध डम्पिङ एक जटिल समस्या रहेको, यसले वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा जोखिम निम्त्याउने भएकोले फोहोरमैला व्यवस्थान स्थल निर्माणका लागि जग्गा व्यवस्थापन गरिनेछ ।

११. विपद व्यवस्थापनका लागि जनस्तर तथा बिद्यालयस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ । विपदजन्य घटनाबाट हुने जोखिम न्यूनिकरण गर्न सबै वडामा तयार भएका स्वयंसेवकहरुको क्षमता विकास गर्दै परिचालन गरिनेछ ।

१२. नगर आपतकालीन सञ्चालन केन्द्र स्थापना गरी प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यविधिको निर्माण, जनशक्तिको व्यवस्था तथा स्रोत सामग्रीको व्यवस्था मिलाइनेछ ।

१३. नगरपालिकाद्धारा साझेदारीमा संचालित दमकलको सेवालाई थप व्यवस्थिन तथा सुदृढीकरण गरिनेछ ।

१४. नगरपालिकामा विपद जोखिम व्यवस्थापनसंग सम्बन्धित नीति, कानून, प्रतिवेदन आदि दस्तावेजहरुको आवश्यकता अनुसार पुनरावलोकन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५. नगरको विपद जोखिम नक्साङ्कन तथा विपद व्यवस्थापन योजना तयार भई सकेकोले सो अनुरुप विपद व्यवस्थापनका थप कार्य अगाडि बढाईनेछ ।

१६. विपद जोखिम व्यवस्थापन कार्यमा जिल्ला विपद जोखिम व्यवस्थापन समिति तथा अन्य छिमेकी स्थानीय तहहरुसंग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

**ज. <u>जनस्वास्थ्य सम्बन्धी:</u>**

१. स्वास्थ्यमा सर्वव्यापी पँहुचको विश्वव्यापी सिद्धान्त अनुसार आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थाहरूमा आवश्यक निःशुल्क औषधी, उपकरण र जनशक्ति व्यवस्थापन गरी सवै स्वास्थ्य संस्थालाई न्युनतम सेवा मापदण्ड अनुसार व्यवस्थापन गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

२. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न नगरपालिका जनस्वास्थ्य ऐनको पूर्ण र प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३. स्वास्थ्य सेवामा सबै नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्न **"नगर प्रमुखसँग नागरिक स्वास्थ्य कार्यक्रम"** मार्फत प्रत्येक वडामा मासिक रुपमा १ जना चिकित्सक सहित मोबाइल क्लिनिक सेवा उपलब्ध गराई टेलिमेडिसिनलाई प्रोत्साहन गरिनेछ ।

४. **"सस्तो र सर्वसुलभ उपचार; जेष्ठ नागरिक र अशक्तका लागि उपहार"** भन्ने कुरालाई सार्थक बनाउन जेष्ठ नागरिक, फरक क्षमताले सक्षम व्यक्तिहरु र अशक्तहरुलाई लक्षित गरी टोल-टोलमा नियमित स्वास्थ्य जाँच र निःशुल्क औषधी वितरण कार्यक्रम संचालन गरिनेछ ।

५. **"स्वस्थ नागरिक: सक्षम नगर"** भन्ने नारालाई सार्थक बनाउन गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवामा सबै नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्दै नगरपालिका र नगर अस्पतालको सहकार्यमा प्रत्येक वडामा विशेषज्ञ सेवा सहितको वृहत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

६. नगर क्षेत्र भित्रका प्रत्येक स्वास्थ्य संस्थामा घुम्ती ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गर्नुका साथै प्रोटोकल अनुसार नियमित सेवा लिने गर्भवती तथा सुत्केरी महिलालाई प्रोत्साहन प्याकेज सहित थप उत्प्रेरित गरिनेछ । सबै स्वास्थ्य संस्था मार्फत निशुल्क वितरण गरिंदै आएको क्याल्सियम चक्की लाई निरन्तरता दिइनेछ ।

७. प्रबिधि मैत्री स्वास्थ्य सेवा संचालनका लागि स्वास्थ्य संस्थाबाट प्रवाह हुने सबै प्रकारका स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन कार्यलाई विद्युतीय प्रणालीलाई थप विस्तारका साथै स्तरोन्नती गरिनेछ । स्वास्थ्य संस्था स्तरीय समीक्षा, अनुगमन र मुल्यांकन गरी स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा उचित पृष्ठपोषण गरिनेछ ।

८. **"नागरिकको स्वास्थ्यमा हित; स्वास्थ्य वीमाले बनाउँछ सुरक्षित"** भन्ने अभियानलाई निरन्तरता दिंदै विगतमा दिईंदै आएको स्वास्थ्य वीमा सम्बन्धी छुटलाई निरन्तरता दिइनेछ । प्रथम सेवा केन्द्र विन्दु सूर्यविनायक नगर अस्पताल राखेका विमितहरुको सूचनामा पहुँच अभिवृद्धि गर्न वीमाको म्याद सकिनु भन्दा १५ दिन अगाडी मोबाइलमा एस. एम. एस. आउने व्यवस्था मिलाइनेछ ।

९. सूर्यविनायक नगरपालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरुबाट संचालन हुदै आएको प्रयोगशाला स्वास्थ्य सेवालाई थप विस्तार एवम् सुदृढ गर्दै लगिनेछ ।

१०. नागरिकहरुको स्वास्थ्यलाई ध्यानमा राखी प्रत्येक वडामा कम्तिमा महिनाको एक पटक आवश्यक प्रविधि र जनशक्ति सहित स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ ।

११. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र जिम्मेवारी सहितको क्षमता विकास कार्यक्रम स्वास्थ्य संस्था स्तरमानै संचालन गरी पदाधिकारीहरुलाई थप जवाफदेही बनाउनुका साथै स्वास्थ्य संस्थाको सेवाप्रवाहको सार्वजनिकीकरण र सामाजिक परीक्षणको ब्यवस्था गरिनेछ ।

१२. नगर क्षेत्र भित्र अभिलेखमा रहेका दिर्घ रोग (क्यान्सर, मृगौंला, मुटु आदि) बाट प्रभावित भई नियमित औषधी उपचारमा रहेका नगरबासीहरु लाई वडा स्तरमा विशेष दिर्घरोगी उत्प्रेरणा कार्यक्रम संचालन गरिनेछ ।

१३. सुर्यविनायक नगारपालिका अन्तर्गत वडा नं १० मा संचालित नागरिक आरोग्य स्वास्थ्य सेवा केन्द्रलाई थप विस्तार एवम् व्यवस्थित गरिनेछ ।

१४. समुदाय स्वास्थ्यमा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकालाई दिईदै आएको सेवा सुविधालाई निरन्तरता दिंदै शारिरीक रुपमा कमजोर र ६० वर्ष उमेर पूरा गरेका स्वयम् सेविकालाई प्रोत्साहन सहित सेवाबाट बिदा दिने र रिक्त स्थानमा पदपूर्ति गरिनेछ ।

१५. महारोग तथा खतरायुक्त रोगहरु जस्तैः क्यान्सर, मिगौंला रोग, ब्रेन ह्यामरेज आदिको आक्रमणलाई जित्दै जीवन निर्वाह गरी रहेका व्यक्तिहरुलाई नियमित स्वास्थ्य परीक्षणका लागि आवश्यक सहयोग गर्दै सीप र क्षमता भएका त्यस्ता व्यक्तिहरुको चाहाना अनुरुप आर्थिक उपार्जनका क्रियाकलापमा जोड्नका लागि आवश्यक सहयोग गरिनेछ ।

१६. जेष्ठ नागरिक, दीर्घ तथा असाध्य रोगीहरु र अति अशक्त अपाङ्गहरुले नियमित सेवन प्रकृतिका औषधीहरुको निशुल्क व्यवस्थापन गर्ने सम्वन्धमा आवश्यक अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

१७. क्षयरोग मुक्त नगर अभियानले उल्लेख गरेका कार्यक्रमहरुलाई प्राथमिकता दिई समुदायमा क्षयरोगबाट संक्रमित हुने दरलाई न्यूनिकरण गर्न विभिन्न जनचेतनामुलक सक्रिय खोज पड्ताल कार्यक्रम संचालन गरिनेछ ।

१८. विद्यालय र समुदायमा मानसिक स्वास्थ्य सचेतना, मानसिक रोगीहरूको पहिचान, परामर्श तथा रिफरल सेवा प्रदान गरिनेछ । बिद्यालय स्वास्थ्य शिक्षा तथा किशोर किशोरी स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ ।

१९. सुर्यविनायक नगर अस्पताल र सबै स्वास्थ्य चौकीहरुबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन गर्न विशिष्ट प्रविधियुक्त उपकरण जडान गरिनेछ । जसका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

२०. स्वास्थ्य चौकीहरुबाट सञ्चालन हुँदै आएको प्रयोगशाला स्वास्थ्य सेवालाई थप विस्तार एवम् सुदृढीकरण गर्दै लगिनेछ ।

२१. नगरपालिकाको स्वास्थ्यको जनसांख्यिक स्वास्थ्य सर्वेक्षण गरी प्रभावकारी स्वास्थ्य सूचकहरुको उचित लेखाजोख तथा प्रतिवेदनका आधारमा नियमित अद्यावधिक प्रणाली सहितको नगर स्वास्थ्य प्रोफाईल तयार गरिनेछ ।

२२. नगरपालिका भित्र स्थायी बसोबास गर्ने जेष्ठ नागरिक, अपाङ्ग, गर्भवती महिलाहरुका लागि सहुलियत पूर्ण एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ । साथै नगरबासीहरुका लागि निशुल्क शव वाहन सेवालाई निरन्तरता दिईनेछ ।

२३. नगरपालिका अन्तर्गतको आयुर्वेदिक स्वास्थ्य सेवा योगध्यान अभियानलाई थप विस्तार एवम् व्यवस्थित गरिनेछ । आरोग्य सेवा केन्द्र सञ्चालन, बिस्तार र आवश्यक औषधी उपकरण व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

२४. सर्ने तथा नसर्ने रोगको प्रकोप र यसबाट सृजित हुने महामारी रोगको रोकथाम नियन्त्रण र उपचार तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ । साथै बिद्यालय स्वास्थ्य शिक्षा तथा किशोर किशोरी स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ ।

२५. एकीकृत नगर स्वास्थ्यको अवधारणलाई निरन्तरता दिदै कार्यक्रमगत स्वास्थ्य संस्था स्तरीय समीक्षा, अनुगमन र मुल्यांकन गरी स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा पृष्ठपोषणलाई नतिजामा आधारित बनाईनेछ ।

**झ.सूर्यविनायक नगर अस्पताल:**

१. सूर्यविनायक नगर अस्पताललाई सबै प्रकारको विशेषज्ञ सेवा सहितको सुविधा सम्पन्न अस्पतालको रुपमा विकास र विस्तार गरिनेछ । अस्पतालको सेवा प्रवाहलाई छिटो, छरितो, सरल र सहज बनाउन सूचना प्रविधिमैत्री संयन्त्रको विकास र विस्तार गरिनेछ । वागमती प्रदेश सरकारको समन्वय र सहकार्यमा २५ शैय्याको ट्रमा सेन्टर सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

२. नगर अस्पतालको ५० शैय्या मध्ये १० प्रतिशत शैय्या गरिब, असहाय, पिछडिएको वर्ग, अल्पसंख्यकहरुको लागि निःशुल्क रुपमा उपलब्ध गराइनेछ । त्यस्ता विरामीहरुलाई औषधी बाहेकको उपचार खर्चमा समेत पच्चीस प्रतिशत सहुलियत प्रदान गरिनेछ । नगरपालिकामा निर्वाचित जनप्रतिनिधि र कार्यरत कर्मचारीहरुको उपचारको लागि औषधी बाहेकको खर्चमा पच्चीस प्रतिशत छुटको व्यवस्था मिलाइनेछ ।

३. अस्पतालको स्वीकृत सांगठनिक संरचना अनुरुप स्थायी संरचना र व्यवस्थापन समिति तर्फको संरचनाको आधारमा कर्मचारीको उचित व्यवस्थापन गरिनेछ । व्यवस्थापन समितिको दरबन्दी संरचनामा आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ । चिकित्सक तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

४. अस्पतालका चिकित्सक तथा कर्मचारीहरुको मनोवल र उत्प्रेरणा उच्च राख्नको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था मिलाइनेछ । जोखिमयुक्त क्षेत्रमा काम गर्ने, रात्रीकालिन अवस्थामा खटिने र विदाको दिनमा आएर काम गर्ने कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न महिनाको एक दिन सट्टा विदा वा सो बापतको नगद सुविधा उपलब्ध गराईनेछ ।

५. नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन बहिरङ्ग (OPD) सेवा बिहान ८:०० बजेदेखि बेलुका ५:०० बजेसम्म अनिवार्य रुपमा संचालन गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

६. नगर अस्पतालमा शल्यक्रिया सहितको प्रसुति सेवाको लागि स्वीकृती प्राप्त भई सकेको छ । मातृ तथा बाल स्वास्थ्य सेवा अन्तर्गत पूर्व प्रसुती सेवा, प्रसुती सेवा र उत्तर प्रसुती सेवा तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धनको लागि अस्पताल तथा अन्य स्वास्थ्य संस्थाबाट समेत निःशुल्क क्याल्सियम चक्की वितरण कार्यलाई निरन्तरता दिनुका साथै प्रोटोकल अनुसार नियमित सेवा लिने गर्भवती तथा सुत्केरी महिलालाई प्रोत्साहन प्याकेज सहित थप उत्प्रेरित गरिनेछ ।

**ञ. खानेपानी तथा सरसफाई सम्बन्धी:**

१. नगरपालिकाको वडा नं. १ देखि ६ सम्म मेलम्ची खानेपानी आयोजना अन्तर्गतको खानेपानी वितरण गर्न पाइप लाइन विछ्याई पानी वितरणको कार्य भई सकेको छ । उल्लेखित वडाहरुमा रहेका खानेपानी उपभोक्ता समितिहरुको सम्पत्ती र दायित्व समेत काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई हस्तान्तरण गरी खानेपानीको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी उक्त संस्थालाई दिने कार्यलाई आगामी आर्थिक बर्षभित्र पुरा गरिनेछ ।

२. नगरक्षेत्रभित्र रहेका खानेपानीका श्रोतहरुको संरक्षण गर्ने कार्यालाई थप महत्वका साथ अगाडि बढाईनेछ । बढ्दो शहरीकरणले पानी चक्रमा पर्न जाने असरलाई कम गर्न पानी रिचार्ज पोखरी निर्माण तथा संरक्षण कार्यमा जोड दिईनेछ ।

३. नगर क्षेत्रभित्र रहेका खानेपानी तथा ढल उपभोक्ता समितिको कार्यसंचालन प्रकृया र महसुलमा समेत एकरुपता ल्याउन त्यस्ता संस्थाहरुलाई थप नियमन गरिनेछ ।

४. खानेपानीको सहज र सरल पहुँच सुनिश्चित गर्न एक **घर एक धारा** कार्यक्रमलाई पूर्णता दिईनेछ।

५. खानेपानी स्रोतदेखि धारासम्म स्वच्छता र शुद्धीकरणका उपायहरुको व्यवस्थापन गरी नगरपालिकालाई स्वच्छ खानेपानीयुक्त नगर घोषणा तर्फ आवश्यक पहल गरिनेछ ।

६. नगरक्षेत्रबाट व्यवसायिक प्रयोजनका लागि नीजि क्षेत्रले जलसम्पदा उपयोग गर्ने विषयलाई तत्काल उपयुक्त नियमन गर्ने व्यवस्था मिलाईनेछ ।

७. आवश्यक कानून निर्माण तथा परिमार्जन गरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई नगरपालिका मातहत ल्याईनेछ । त्यस्ता समितिहरुको संस्थागत सुदृढीकरण तथा आयोजना मर्मत सम्भार, महशुल व्यवस्थापनमा एकरुपता कायम गर्न नगर जलस्रोत समितिलाई कृयाशील बनाईनेछ ।

८. परम्परागत पानीका श्रोत सिँचाइका मुहान, कुलो, इनार कुवा पधेरोलाई संरक्षण र प्रवर्धन गरिनेछ ।

९. मुहान र कुवाको पहिचान तथा संरक्षण, वर्षातको पानी संकलन, जलसतह पूनर्भरण तथा व्यवस्थापन प्रणालीमा जलवायु उत्थानशीलता सुनिश्चित गर्न परम्परागत ज्ञान, अभ्यास र स्थानीय स्रोतलाई आधुनिक उपयुक्त प्रविधिहरुसँग एकीकृत गरिनेछ ।

**ट. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी:</u>**

१. **"समावेशी विकासको शुरुवात; समतामूलक समाज र समाजवाद"** भन्ने यथार्थलाई स्वीकार गरी सबै नागरिकहरुलाई अवसरहरुको समान वितरण गर्दै समावेशी विकास पद्धतीको अबलम्बन गरी सबल र क्षमतावान नागरिक निर्माण गर्दै सभ्य र सुसंस्कृत नगर निर्माण गरिनेछ ।

२. **"बालबालिकामा लगानीः भविष्यको सुनौलो बिहानी"** भन्ने नारालाई सार्थक बनाउन तथा बालबालिकामा रहेको अन्तरनिहित क्षमता प्रष्फूटन गराउनका लागि बालवालिकाहरुकै सहभागितामा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. आगामी आ.ब. ०८२/०८३ भित्र सूर्यविनायक नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ । सोही बमोजिम योजना तथा कार्यक्रम यस नगरसभाबाट स्वीकृत गरिनेछ ।

४. बालबालिका माथि हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, शोषण तथा दुर्व्यवहारलाई न्यूनीकरणका लागि वालवालिकाहरुकै परिचालन गरी सचेतनामुलक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

५. जोखिममा रहेका बालबालिका तथा महिलाहरुको तत्कालको संरक्षण गर्न स्वास्थ्य सेवा मनोपरामर्श तथा सीप र प्रविधिको हस्तान्तरण गरी स्वाभिमान भाव जागृत गराउन आवश्यक सुविधायुक्त संरक्षण तथा पुनर्स्थापन गृह स्थापना तथा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

६. बालप्रतिभा प्रस्फुटनका लागि सिर्जनात्मक लेखन तथा व्यवसायिक कलात्मक सीपको विकास गर्ने कार्यक्रमहरु सञ्चालन गरिने गरिनेछ ।

७. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

८. बुढ्यौली अवस्थालाई उर्जाशील र उत्पादक बनाउन भक्तपुर रेडक्रससंगको साझेदारीमा बृद्धबृद्धाहरुलाई लक्षित गरी २०८३ चैत्र मसान्तसम्मका लागि साहारा (SAHARA) कार्यक्रम संचालन गरिनेछ ।

९. नगर क्षेत्रभित्र हरेक वडामा कम्तिमा एउटा बाल उद्यान र जेष्ठ नागरिक चौतारी निर्माण गर्ने कार्यलाई पूर्णता दिईनेछ ।

१०. अन्तरपुस्ता असमझदारीका कारण हाल परिवार तथा समाजमा देखिने गरेको बेमेलको स्थितीलाई कम गरी सामाजिक मेलमिलाप कायम गर्न सबै पुस्ताका नागरिकहरुबीच

अन्तरपुस्ता अन्तरघुलनका लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । यस्तो अन्तरक्रिया र अन्तरघुलन कार्यक्रमबाट बृद्ध पुस्ताको ज्ञान, अनुभव र संस्कार युवा र बालबालिकाको पुस्ताल सिक्ने साथै नयाँ प्रविधि र ज्ञान युवा र बालबालिका पुस्ताबाट बृद्ध पुस्ताले सिक्ने वातावरणको सिर्जना गरिनेछ ।

११. ज्येष्ठ नागरिकहरुलाई दिवासेवा दिने उद्धेश्यले ज्येष्ठ नागरिक दिवासेवा घर निर्माणका लागि आवश्यक कार्य आरम्भ गरिनेछ ।

१२. ८० वर्ष पूगेका ज्येष्ठ नागरिकहरुलाई नगरप्रमुखवाट सम्मानित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१३. जेष्ठ नागरिक परिचयपत्र वडा तहबाट नै वितरण गर्ने व्यवस्था गरिनेछ । वडास्तरिय ज्येष्ठ नागरिक समन्वय समिति लाई क्रियाशील गराई ज्येष्ठनागरिकहरुको हकहित र अधिकारका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. ७० बर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरदैलोमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था तथा नेपाल सरकारले तोकेका औषधीहरु निःशुल्क उपलव्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

१५. जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि औषधी उपचारको प्रबन्ध गर्न नि:शुल्क स्वास्थ्य विमा कार्यक्रमसंग आबद्द गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१६. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणको कार्यलाई सरल, सहज र लाभग्राहीमैत्री बनाउन एकिकृत घुम्ती शिविर संचालन गरिने छ । अपांगता भएका व्यक्तिहरुलाई समाजमा सम्मानजनक तरिकाले जीवन निर्वाह गर्ने वातावरण सिर्जना गर्न अपांगता भएका व्यक्तिका परिवार र स्वयं अपांगता भएका व्यक्ति समेतलाई आर्थिक उपार्जन गरी आत्मनिर्भर बन्ने किसिमका कार्यक्रम संचालन गरिनेछ ।

१७. अपाङ्गता भएका व्यक्तिहरुलाई सीपसंग जोडेर जीवन निर्वाहमा सहजता ल्याउने उद्धेश्यले सीप विकासका कार्यक्रमहरु संचालन गरी स्वरोजगार वन्ने वातावरण मिलाइने छ । वडास्तरीय अपाङ्गता समन्वय समितिलाई अझै क्रियाशिल वनाइनेछ ।

१८. अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनलाई सहजता ल्याउनका लागि मागमा आधारित सहायक सामाग्री वितरण गर्ने कार्य गरिनेछ ।

१९. अपाङ्गता भएका वालवालिकाहरुलाई सहज शिक्षाको पहुँचमा पुर्याउने व्यवस्था गरिनेछ साथै आवश्यक सेवा सुविधाहरुमा लाभग्राही वनाउँदै रोजगार र आत्मनिर्भर हुने कार्यक्रमहरु

संचालन गरिनेछ । नयाँ निर्माण हुने सार्वजनिक भवनहरु बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपांगतामैत्री हुनेगरी पूर्वाधार निर्माण गरिनेछ ।

२०. महिला तथा युवा वर्गलाई लक्षित गरी स्वरोजगार हुने किसिमका लामो अबधिका सीपमूलक तथा उद्यमशीलता सम्बन्धी तालिम संचालन गरिनेछ । यसअघि विभिन्न विषयको तालिम लिई सकेका व्यक्तिहरुलाई सोही विषयको उन्नत र विशिष्टिकृत तालिम दिई स्वरोजगार बनाईनेछ ।

२१. लैङ्गिक हिंसा, विभेद, मानव वेचविखन, कार्यस्थलमा हुने यौनजन्य, दुर्व्यवहारमा परेको वर्गलाई राहत, पूनस्थापना, मनोसामाजिक विमर्ष सम्वन्धी कार्यक्रम संचालनमा साझेदारहरुको समन्वय र सहकार्यमा सेफहाउस संचालन गरिने ।

२२. महिलालाई सीप तथा क्षमता विकाससंग जोड्दै आर्थिक रुपमा सशक्त बनाउन मागमा आधारित सीप विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । महिला उद्यमीबाट उत्पादित वस्तुलाई सहज वजारीकरणका लागि कोशेली घर स्थापना र संचालन गरिनेछ ।

२३. महिलाका लागि समान ज्यालाको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ भनें कार्यस्थलमा हुने भेदभावलाई घटाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२४. प्रदेश सरकारको साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२५. सूर्यविनायक नगरभित्र स्थायी वसोवास भएका युवावुवतीहरुलाई लोकसेवा आयोगको प्रतिष्पर्धाप्रति आकर्षित गराई आयोगद्वारा लिईने परिक्षाहरुमा सहभागी गराउन तयारी कक्षा संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६. एकल महिला/दलित तथा लैङ्गिक अल्पसंख्यकलाई आर्थिक सशक्तिकरण तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरी जीवनस्तर उकास्नका लागि विभिन्न कार्यक्रमहरु गरिनेछ । साथै त्यस्ता समुदायको दुर्बलता तथा हिनताबोध विरुद्धका क्रियाकलाका लागि कार्यक्रम नै बनाई वहस पैरवी, आर्थिक सबलीकरण तथा क्षमता विकासका कार्यक्रमहरु गरिनेछ।

२७. एकल महिला सुरक्षाकोषको व्यवस्था गरिनेछ ।

२८. मानवीय सेवामा समर्पित संघ/संस्थाहरु लाई सहयोग गर्ने उद्धेश्यले अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

२९. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, सूचना प्रविधि, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत सञ्चालन गरिनेछ ।

३०. बिपन्न, दलित, उत्पिडित, आदिबासी जनजातीको तथ्याङ्क संकलन गरी त्यस्तो वर्गको उत्थान र सशक्तिकरणका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।

ठ. <u>राजस्व प्रणाली सम्बन्धी:</u>

१. **"सहभागितामूलक कर; जनताको रहर"** भन्ने नारालाई मूलमन्त्र मानी कर प्रणालीमा जनताको सहभागिता बढाउँदै राजस्व प्रशासनलाई सूचना प्रविधिमैत्री बनाउनुका साथै कर प्रणालीमा पारदर्शीता अपनाई जनताको करको सदुपयोग सुनिश्चित गरिनेछ ।

२. कर प्रणालीलाई करदातामैत्री र सूचना प्रविधिमैत्री बनाउन राजस्व परामर्श समिति र राजस्व संकलन कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ ।

३. नगरपालिका क्षेत्रमा रहेका करदाताहरुको विद्युतीय लगत अद्यावधिक गरी एकीकृत बिवरण तयार गर्ने व्यवस्था मिलाइनेछ ।

४. साना ठुला सबै व्यवसायीलाई नगरपालिकामा अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था गर्न वडा तथा नगरपालिकाबाट निरन्तर अनुगमनको व्यवस्था गरिनेछ ।

५. सबै प्रकारका बहाललाई बहाल करको दायरामा ल्याउनको लागि राजस्व शाखा र वडा कार्यालय मार्फत अनुगमन गरिनेछ भनें सम्पत्ती करको अभिलेख थप व्यवस्थित गरी राजस्व बृद्धीका लागि प्रभावकारी कदम चालिनेछ ।

६. नगरपालिका र सम्बद्द निकायको समन्वय र सहकार्यमा व्यवसाय दर्ता तथा नविकरण गर्न छुट भएका व्यवसायहरुको दर्ता तथा नविकरण कार्य घुम्ती टोली मार्फत स्थलगत रुपमा नै गरिनेछ ।

७. करका दरलाई समयसापेक्ष र व्यवहारिक बनाउन, करको दायरा फराकिलो बनाउन तथा कर छुटलाई यथार्थपरक बनाउन विद्यमान कर प्रणालीको पुनरावलोकन गरिनेछ ।

८. नगरपालिकाले कर सङ्कलनको लागि संघीय सरकारद्वारा लागू गरिएको सुत्रको राजस्व मोड्युलमा आउने गरेका समस्याहरु महालेखा नियन्त्रक कार्यालयसंग समन्वय गरी समयमा नै हल गरिनेछ ।

९. अनलाईन प्रणालीबाट करदाताले घरमै बसी बसी कर तिर्न सक्ने गरी शुरु गरिएको प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१०. राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रारम्भ गरिनेछ ।

**ड. <u>सूचना तथा संचार सम्बन्धी:</u>**

१. सूर्यविनायक नगरपालिकाभित्रका स्थानीय सञ्चार माध्यमहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न स्थानीय सञ्चार नीति तर्जुमा गरिनेछ ।

२. लोककल्याणकारी विज्ञापन तथा सूचनाको प्रशारण तथा वितरण सम्बन्धी आवश्यक कानूनी प्रबन्ध गरिनेछ ।

३. नगरपालिकासंग सम्बन्धित सार्वजनिक महत्वका जानकारी एवं सूचनालाई स्वप्रकाशनको व्यवस्था अनिवार्य गरिनेछ ।

४. स्थानीय सञ्चारकर्मीको क्षमता अभिवृद्धि गरी ती संचारकर्मीहरु मार्फत नगरका गतिविधिहरुको नियमित प्रकाशन प्रसारणको प्रबन्ध गरिनेछ ।

५. एफ एम रेडियो ईजाजत प्रणालीको नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६. नागरिक, जनप्रतिनिधि र कर्मचारीमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने क्षमता अभिवृद्धिका लागि डिजिटल साक्षरता अभियान चलाईनेछ ।

७. नगरपालिका तथा मातहतका सबै सार्वजनिक ईकाईहरुसम्म आफ्नै सूचना प्रविधि सञ्जालको विकास गर्न अप्टिकल फाईबर विस्तार कार्यक्रमलाई गतिशील बनाईने छ ।

८. नगरपालिकाको सबै सूचना तथा तथ्याङ्क व्यवस्थित गर्न भरपर्दो सूचना केन्द्र स्थापना गरिनेछ।

९. नगरपालिकामा सिर्जना हुने सबै प्रकारका तथ्याङ्कहरुको डाटा भण्डारण गर्न आफ्नै व्याकअप सेण्टरको स्थापना गरिनेछ ।

१०. सूचना केन्द्रमार्फत नगरपालिका तथा मातहतका आधिकारिक सूचना तथ्याङ्क एवम् गतिविधिको आवधिक जानकारी द्रुतमाध्यामबाट प्रकाशन प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

११. सूचना प्रविधिको माध्यमबाट नगरवासीका लागि छिटो, छरितो, पहुँच योग्य र प्रभावकारी न्याय निरुपण गर्ने नीति अवलम्वन गरिनेछ।

**ढ. <u>सुशासन तथा सार्वजनिक सेवा सम्बन्धी:</u>**

१. नगरसभा र नगरकार्यापलिकाबाट हालसम्म निर्मित कानूनहरुलाई समयानुकुल परिमार्जन गरिनेछ । कानूनको अभिलेखलाई थप व्यवस्थित गर्न कानून संग्रहको रुपमा प्रकाशन गर्न बाँकी कानूनहरुको संग्रह प्रकाशन गरिनेछ ।

२. छिटो, छरितो, प्रभाकारी र जवाफदेही सार्वजनिक सेवाको सुनिश्चिताको लागि कर्मचारीहरुलाई थप जिम्मेवार बनाउन नगरपालिकाका हरेक, महाशाखा, शाखा, वडा, स्वास्थ्य संस्था प्रमुखहरुसंग कार्यसम्पादन करार सम्झौता गरी यसलाई वृत्ति विकास तथा कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ ।

३. नगरपालिकाको संगठन संरचना र दरबन्दी अनुसार जनशक्ति व्यवस्थापन गर्दै तिनको क्षमता विकास गरी चुस्त, प्रभावकारी र नतिजामुखी कार्यसम्पादन प्रबन्ध गरिनेछ ।

४. नगरपालिका स्थापना दिवसका अबसरमा नगरको जीवनमा उल्लेख्य योगदान पूर्याउने व्यक्तित्त्वहरुलाई उत्प्रेरणा सम्मान स्वरुप विभिन्न पदक, सम्मान वा पुरस्कार प्रदान गर्ने प्रबन्ध गरिनेछ ।

५. कर्मचारीको क्षमताको भरपुर उपयोग गरी वाञ्छित लक्ष्य हाँसिल गर्न नतिजामा आधारित कार्यसम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ । यस्तो व्यवस्थालाई विद्युतीय प्रणालीमा आबद्द गरिनेछ ।

६. जनप्रतिनिधि र कर्मचारीहरुबीच असल सम्बन्ध विकास गरी नगरपालिकासंग सम्बन्धित सबै विषयहरुप्रतिको बुझाईमा एकरुपता कायम गर्न नियमित संबाद र अन्तरक्रिया हुने वातावरणको निर्माण गरिनेछ । जनप्रतिनिधि र कर्मचारीहरुलाई आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित विषयमा तालिम, प्रशिक्षण र अध्ययन अबलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

७. जनप्रतिनिधि र कर्मचारीहरुका लागि सकारात्मक सोंच, आचरण, कार्यशैली, व्यवहार र भाषागत शुद्दता सम्बन्धी तालिम संचालन गरिनेछ ।

८. स्थानीय कानूनको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रहरीको भूमिकालाई सशक्त बनाउन नगर प्रहरीतर्फ स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी त्यस्ता जनशक्तिको क्षमता विकास गरिनेछ ।

९. नगरपालिकाको भौतिक एवं अभौतिक सम्पतिको सुरक्षा र संरक्षण गर्न सूचना प्रविधिको उपयोग गरिनेछ।

१०. नगरपालिका, मातहत सबै ईकाई कार्यालयहरु, अस्पताल लगायतका स्वास्थ्य संस्थाहरु तथा विद्यालयहरु समेतको प्रशासकीय भवन निर्माण कार्य प्राथमिकताका साथ पूरा गरिनेछ ।

११. नगरपालिका र अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवालाई सर्वसुलभ, छिटो, छरितो र प्रभावकारी बनाउन यस अघि प्रयोगमा रहेका प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुका साथै

एकीकृत र प्रविधिमैत्री सेवा प्रवाहको व्यवस्था मिलाउन अफिस अटोमेशन प्रणालीको विकास र कार्यान्वयन गरी नगरपालिकालाई प्रविधिमैत्री बनाइने छ ।

१२. नगरपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय शासनलाई प्रबर्द्धन गरिनेछ ।

१३. नगरपालिका सम्बद्ध सूचना तथा तथ्याङ्कलाई व्यवस्थित रुपमा सङ्कलन गरी नगरपालिका डाटा बैंकको स्थापना गरिनेछ ।

१४. नगरपालिकाबाट प्रवाह गरिने सेवामा सर्बसाधारणको पहुँच वृद्धि गर्न कार्यालय परिसर र बिभिन्न सार्वजनिक स्थलहरुमा फ्री वाईफाईको व्यवस्था मिलाइनेछ ।

१५. डिजिटल अर्बान सेक्युरिटी सिस्टमका लागि थप सिसिटिभी जडान गरिनेछ । हालसम्म विभिन्न ठाउँमा जडान भएका सिसिटिभीको मर्मत सम्भार गरी त्यस्ता उपकरणहरुको उच्चतम उपयोग गरिनेछ ।

१६. नगरपालिकको वेवसाइट र फेसबुक पेजलाई अझै व्यवस्थित गर्दै नियमित अध्यावधिक गरिनेछ ।

१७. नगरपालिकामा शुरु गरिएको घर नम्बरिङ गर्ने कार्यलाई थप व्यवस्थित गरी सबै वडाहरुमा विस्तार गरिनेछ ।

१८. स्थानीय शासनमा जनताको सहभागिता बढाउँदै पारदर्शी र जवाफदेही बनाई जनविश्वास आर्जन गर्न **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन, स्थानीय आर्थिक विकास मूल्याङ्कन**लाई थप व्यवस्थित गरिनेछ।

१९. सुशासन प्रवर्द्धनका गर्न नगरपालिकाको कार्यसम्पादनमा तेस्रो पक्षको निगरानी व्यवस्थाका लागि सामाजिक परीक्षण र वडा स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२०. आर्थिक प्रशासनलाई थप सबल र सुदृढ बनाउँदै आर्थिक अनुशासन कायम गरिनेछ । बेरुजु फछ्र्यौटको कार्ययोजना तयार गरी आगामी आर्थिक बर्षमा हासम्मको बेरुजु रकमको पचहत्तर प्रतिशत बेरुजु फछ्र्यौट गरिनेछ ।

२१. खरिद गुरुयोजना, बार्षिक खरिद योजना, वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना समयमै तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सार्वजनिक खरिदलाई अझै पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाउँदै सार्वजनिक खरिदमा सुशासन कायम गरिनेछ ।

२२. नगरपालिकाबाट प्रदान गरिने सेवालाई नागरिकको घरदैलोमै पुर्याउन सबै वडामा घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ ।

२३. संबिधान, कानून, नगरपालिकाको नीति योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।

२४. कर्मचारीहरुलाई जनसम्पर्क व्यवस्थापन प्रशिक्षणको व्यवस्था गरी सेवाग्राहीप्रतिको सम्मान र सहयोगको भाव जागृत गराईनेछ । नागरिक गुनासोको प्रभावकारी सुनुवाई गरी तत्काल सम्वोधनको संयन्त्रलाई थप सशक्त बनाईनेछ ।

२५. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरु, संस्थागत तथा सामुदायिक विद्यालयहरुका सूचना अधिकारीहरुलाई सूचनाको हक सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

२६. इमान्दारीता, अनुशासन र सदाचारिता प्रवर्द्धनका लागि नगर सदाचार नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२७. नगर क्षेत्रभित्रका विभिन्न कल कारखाना, अस्पताल, सामुदायिक तथा संस्थागत विद्यालय, सहकारी एवं अन्य त्यस्तै औद्योगिक तथा व्यापारिक प्रतिष्ठानमा कार्यरत शिक्षक, कर्मचारी तथा मजदुर वर्गको लागि सामाजिक सुरक्षा प्रत्याभूत गर्न सामाजिक सुरक्षा कोषसंग सहकार्य गरी आवश्यक कार्यक्रम अगाडि बढाइनेछ ।

२८. नगरपालिकामा करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई समेत नेपाल सरकारको प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्द गरिनेछ ।

ण. **<u>न्यायीक समिति सम्बन्धी:</u>**

१. प्रकृयागत सरलीकरण गरी न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

२. स्थानीय तहमा न्यायमा सहज पहुँच सुनिश्चित गर्दै समाजमा मेलमिलापको संस्कृतीको विकास गर्न बैकल्पिक विवाद समाधान संयन्त्रको व्यवस्था गरिनेछ ।

३. महिला, दलित र सीमान्तकृत वर्गका लागि न्याय तथा कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

४. मेलमिलापकर्ताहरुको अभिलेख थप व्यवस्थित गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । न्यायिक समिति अन्तर्गत रहने गरी वडा स्तरीय मेलमिलाप केन्द्र गठन गरी मेलमिलापका कार्यमा परिचालन गरिनेछ ।

५. नगरका विभिन्न क्षेत्रमा विवाद समाधान प्रकृया तथा न्याय सम्वाद कार्यक्रम संचालन गरिनेछ ।

६. न्यायिक समितिबाट न्याय निरुपण भएका सम्बन्धमा भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नीतिगत र स्रोतगत व्यवस्था मिलाइनेछ ।

७. न्यायिक ससितिबाट भएका निर्णय तथा फैसलाहरु संग्रह गरी दिर्घकालीन अभिलेख व्यवस्थापनका लागि पुस्तकको रुपमा प्रकाशन गरिनेछ ।

**त. <u>योजना तथा अनुगमन सम्बन्धी:</u>**

१. यस सूर्यविनायक नगरपालिकाको चालु आवधिक योजनालाई अद्यावधिक गरिएको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

२. आयोजना तथा कार्यक्रम छनौट प्रकृयालाई अनुमानयोग्य र पारदर्शी बनाउँदै प्राथमिकतामा आधारित योजना प्रणालीलाई अबलम्बन गर्न आगामी आर्थिक बर्षमा नगरपालिकामा आयोजना बैंक तयार गरिनेछ । जसलाई सालबसाली रुपमा अद्यावधिक गर्दै लगिनेछ ।

३. अन्य सरकारी निकायहरुसंगको समन्वयमा स्वास्थ्यमा प्रतिकुल असर पार्ने हानीकारक र म्याद नाघेका खाद्य वस्तुहरुको नियमित अनुगमन निरीक्षण गरी निर्धारित मापदण्ड र गुणस्तरको खाद्य सामग्री उपभोग गर्ने उपभोक्ताको अधिकारलाई सुनिश्चित गरिनेछ ।

४. नगरपालिकाको योजना अनुगमन तथा सुपरीवेक्षण समितिको क्षमता विकास गरी अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । अनुगमन समितिबाट नियमिति रुपमा पृष्ठपोषण प्राप्त गर्ने प्रणालीको विकास गरी पृष्ठपोषणको आधारमा योजना तर्जुमा तथा कार्यान्वयन प्रणालीमा दक्षता अभिबृद्धी गरिनेछ ।

५. योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणका लागि तयार भएको सफ्टवेयर प्रणालीलाई उच्चतम प्रयोग गरी सम्पूर्ण अभिलेखलाई डिजिटाइज्ड गरिनेछ ।

६. पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास लगायत नगरपालिकाबाट सम्पादन हुने सबै किसिमका योजना तथा कार्यक्रमहरुको अनुगमन सुपरिवेक्षण तथा मुल्याङ्कन एकीकृत रुपमा थप व्यवस्थित, प्रविधिमैत्री, व्यवहारिक र पूर्वानुमानयोग्य बनाइनेछ ।

७. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने साथै देश विदेशमा रहेर पनि सूर्यविनायक नगरपालिकाको विकास र समृद्दीमा चासो राख्ने बौद्दिक व्यक्तिहरुको बौद्दिकता तथा विशेषज्ञता नगरपालिकाको विकासका लागि उपयोग गर्न नगरपालिकामा एक बिज्ञ समूह खडा गरिनेछ । साथै इच्छुक सर्वसाधारणले समेत आफ्नो नीतिगत धारणा व्यक्त गर्नका लागि आईडिया

बैंक समेत स्थापना गरिनेछ । विज्ञ समूह र आईडिया बैंकबाट प्राप्त नीतिगत सुझावलाई आन्तरिकीकरण गर्दै अबलम्बन गरिनेछ ।

८. दिगो विकास लक्ष्य (SDGs) लाई स्थानीयकरण गर्दै नगरपालिकाले योजना तथा कार्यक्रम छनौट, कार्यान्वय र सेवा प्रावहलाई दिगो विकास लक्ष्य उन्मुख बनाईनेछ ।

**थ. <u>पंजिकरण तथा सामाजिक सुरक्षा:</u>**

१. सामाजिक सुरक्षा र पञ्जिकरण कार्यलाई थप व्यवस्थित प्रविधिमैत्री तथा सरल र सहज बनाइनेछ।

२. स्थानीय बालमैत्री नगर घोषणाको लक्ष्य हाँसिल गर्न जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराउन स्वास्थय स्वयं सेविकाहरुलाई परिचालन गर्न उत्प्रेरणात्मक कार्यक्रम तर्जुमा गर्ने नीति लिइनेछ ।

३. बाल पोषण तथा खोप सेवा (विशेष ४५ दिने) लिन आउने सेवाग्राहीसँग जन्मदर्ता गरे/नगरेको यकिन गर्न खोप अभिलेख किताबमा जन्मदर्ता सम्बन्धी चेक लिष्ट बनाउने गरी व्यवस्था मिलाईनेछ ।

४. सामाजिक सुरक्षा भत्ता सुनिश्चितताको लागि हरेक वर्ष साउन १ देखि भाद्र मसान्तभित्र **"सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गरौं/गराऔं ।"** भन्ने नाराका साथ सामाजिक सुरक्षा भत्ता वितरणलाईलाई सूचना प्रविधिमा आवद्ध गर्दै बायोमेट्रिक भेरिफिकेशन अनुरुप परिचयपत्र नवीकरण शिविर सञ्चालन गरिनेछ ।

५. साविकका घटना दर्ता अभिलेखलाई व्यवस्थित रुपमा व्यवस्थापन गरिनेछ । व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता प्रणाली सम्बन्धमा कर्मचारी तथा लाभग्राहीहरुको क्षमता विकास गरिनेछ ।

६. व्यक्तिगत घटना दर्ता सम्बन्धी आमसञ्चार अभियान कार्यक्रम संचालन गरिनेछ ।

सम्मानित सभाका सदस्यज्यूहरु,

नगरबासीको अपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र जनताबीच विश्वास अभिबृद्दी गर्न, सुदृढ स्थानीय शासन र मौलिक पहिचानको उच्च सम्मिश्रणबाट नगरपालिकालाई स्वच्छ, सुरक्षित, जीवन्त र समृद्ध  नगर बनाउने हाम्रो दृढ सङ्कल्प अटुट रहेको छ । यो इच्छाशक्तिलाई अविचलित राख्दै सम्पूर्ण नगरवासीलाई परिपक्व, निष्पक्ष, न्यायपूर्ण र सबल नेतृत्व प्रदान गरिनेछ । उच्च कार्यान्वयन तत्परताका साथ नगरपालिकाले घोषणा गरेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि  नेपाल सरकार, प्रदेश सरकार, अन्य साझेदार संस्थाहरु, निजी क्षेत्र,

नगरपालिकाका कर्मचारी, नगरवासी मतदाता, नागरिक समाजका व्यक्तित्वहरु र सम्पूर्ण वुद्धिजीव◌ीहरुको भरपुर सहयोगको अपेक्षा गरेको छु ।

उल्लेखित नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष तथा परोक्ष रुपमा सुझाव प्रदान गरी सहयोग गर्नुहुने समस्त नगरवासी दिदीबहिनी दाजुभाइहरु, राजनैतिक दलहरु, वर्तमान तथा पूर्वजनप्रतिनिधिज्यूहरु, गैर सरकारी संघसस्था, विद्वत वर्ग, संचार कर्मीहरु, नीजि क्षेत्र, सहकारीकर्मी, सहकर्मी उपप्रमुखज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिहरु तथा प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय सूर्यविनायक !

धन्यवाद !